जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
एक कदम अगाडि
Jaleshwor Today National Daily
बर्ष १२ • अंक २६९ • २०८२ श्रावण ३ गते शनिवार • 19 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## महसुल नतिर्ने उपभोक्ताहरू माथि कारबाही स्वरूप सुरु गरेको 'धारा काट्ने अभियान' सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ श्रावण**

बर्दिवास सानाशहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले महसुल नतिर्ने उपभोक्ताहरू माथि कारबाहीस्वरूप सुरु गरेको 'धारा काट्ने अभियान' बिहीबार सम्पन्न भएको छ । असार १८ गतेदेखि सुरु भएको उक्त अभियानले संस्थालाई करिब ४८ लाख रुपैयाँ महसुल उठाउन सफल भएको छ।




संस्थाका अनुसार शुरुमा ३१२ जना उपभोक्ताको नाममा महसुल बक्यौता थियो, जसअन्तर्गत करिब १५ लाख रुपैयाँभन्दा बढी लामो समयदेखि महसुल असुल हुन नसकेको थियो। अभियान थालेसँगै बक्यौता तिर्नेहरूको संख्या क्रमशः बढ्दै जाँदा महसुल नतिर्ने उपभोक्ताको संख्या घटेर २८९ जना पुगेको हो । पाँच चरणमा धारा काट्ने कामः खानेपानी संस्थाले १ लाखभन्दा बढी बक्यौता रहेका उपभोक्ताबाट सुरु गर्दै पाँच चरणमा क्रमशः ७५ हजारदेखि १ लाख, ५० हजारदेखि ७५ हजार, २५ हजारदेखि ५० हजार र १५ हजारदेखि २५ हजारसम्म बक्यौता रहेका उपभोक्ताको धारा काटेको थियो । हाल तीन महिनासम्म १५ हजारभन्दा बढी बक्यौता राखेका उपभोक्ताको धारा भने अझै नकटाइएको संस्थाले जानकारी दिएको छ। केही उपभोक्ता सम्पर्कविहीन, केहीले घर बिक्री गरेर हिँडेः अभियानका क्रममा धारा काट्न गएका कर्मचारी र सञ्चालक समितिका टोलीले पहिल्यै धारा काटिएको, उपभोक्ता सम्पर्कमा नरहेको, घर बिक्री गरेर गइसकेको, मृत्यु भइसकेकोजस्ता विभिन्न अवस्थाहरू पाएका थिए। यस्तो अवस्थाका उपभोक्ताको संख्या २० रहेको छ भने १५ जना उपभोक्ता सम्पर्कविहीन रहेको संस्थाले जनाएको छ। धारा पुनः जडान गर्नेको संख्या ११४: धारा काटिएपछि महसुल तिर्ने तथा किस्तामा रकम बुझाएर भाखा लिने गरी धारा पुनः जडान गराउने उपभोक्ताको संख्या ११४ रहेको छ।

कतिपय उपभोक्ताले तत्कालै सम्पूर्ण रकम तिरेर सेवा पुनः सुचारु गराएका छन् भने केहीले बक्यौताको ५०% वा २५% तिरेर बाँकी रकम किस्ताबन्दीमा तिर्ने सर्तमा धारा जडान गराएका छन् । ४७ लाख ९६ हजार रुपैयाँ उठ्यो, अझै २३ लाख चेकमार्फत प्रतिबद्धता संस्थाका व्यवस्थापक भवनाथ खतिवडाका अनुसार अहिलेसम्म अभियानबाट जम्मा ४७ लाख ९६ हजार २५५ रुपैयाँ नगद महसुल उठाइएको छ भने थप २३ लाख ५४ हजार २२७ रुपैयाँ असोज मसान्तभित्र बुझाउने सर्तमा चेकमार्फत महसुल तिर्ने प्रतिबद्धता जनाइएको छ । ६ हजार उपभोक्तामध्ये २५९ को धारा काटियो : संस्थाका अनुसार हाल ६ हजार उपभोक्ता रहेका छन्। तीमध्ये २५९ जनाको धारा काटिएको हो। बाँकी केही उपभोक्ता सम्पर्कमा आउने क्रममा रहेको जानकारी संस्थाले दिएको छ। खानेपानी सेवा दिगो बनाउन उपभोक्ताले नियमित रुपमा महसुल बुझाउनु अनिवार्य रहेको व्यवस्थापक खतिवडाले जनाउँदै चेतावनी दिएका छन्–"भविष्यमा पनि यदि महसुल समयमा नबुझाइयो भने फेरि यस्तै कडाइ गरिनेछ।" स्थानीय तहमा उपभोक्तामैत्री सेवा प्रवाहको नमूना स्वरूप देखिएको यो अभियानले नगरवासीबीच जिम्मेवार नागरिकताको अभ्यास र सार्वजनिक सेवा उपभोगमा अनुशासन कायम गर्न सघाउने विश्वास लिइएको छ।

## वृक्षारोपण कार्यक्रम सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ श्रावण**

"संरक्षण प्रकृतिको, सुरक्षा सन्ततीको" भन्ने मूल नारासहित औरही नगरपालिकाले असार ३२ गते, बुधवार वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ । नगर प्रमुख प्रदिप कुमार खड्काको सभापतित्वमा सम्पन्न कार्यक्रममा नगरका जनप्रतिनिधिदेखि सर्वसाधारणसम्मको उल्लेखनीय सहभागिता देखिएको थियो । नगर प्रमुख खड्काले कार्यक्रमलाई सम्बोधन गर्दै वातावरण संरक्षणलाई आजको अत्यावश्यक आवश्यकता भएको उल्लेख गर्दै भन्नुभयो, "हरित वातावरण सबैका लागि हो, त्यसका लागि सबैको प्रयास आवश्यक छ।" उहाँले वातावरणमैत्री योजना तथा अभियानहरूलाई निरन्तरता दिइने प्रतिबद्धता समेत जनाउनुभयो।

कार्यक्रममा उप-नगर प्रमुख रेणु झा तथा जिल्ला सभापति सुमनलाल कर्ण विशेष अतिथिको रूपमा सहभागी हुनु भयो। उनीहरूले वृक्षारोपणलाई औपचारिकतामा मात्र सीमित नराखी वातावरणीय उत्तरदायित्वका रूपमा लिनुपर्ने आवश्यकता औंल्याउँदै स्वच्छ तथा सुरक्षित वातावरणको जग बसाल्न यस्ता क्रियाकलापलाई संस्थागत गर्नुपर्ने धारणा व्यक्त गरे।

## सिमरदहीमा एक दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ श्रावण**

मटिहानी नगरपालिका र नेपाली श्री सेनाको गोरखनाथ गण परिकौलीको संयुक्त आयोजनामा मटिहानी नगरपालिका वडा नं. ९ सिमरदहीमा एक दिने निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ । स्वास्थ्य सेवा पहुँचबाट टाढा रहेका स्थानीय बासिन्दालाई लक्षित गरी आयोजित उक्त शिविरमा जेनरल फिजिसियन, स्त्री रोग, बालरोग, कान-नाक-घाँटी तथा दन्त रोग विशेषज्ञहरूले स्वास्थ्य सेवा प्रदान गरेका थिए।शिविरमा नेपाली सेनाको फील्ड अस्पताल बर्दिबास र प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरीले प्राविधिक सहयोग पुऱ्याएका थिए।



नगर प्रमुख मण्डलले स्वास्थ्य शिविरबाट गाँउका गरीब, असहाय तथा आर्थिक रूपमा उपचार गराउन नसक्ने नागरिकहरूलाई निःशुल्क स्वास्थ्य जाँच गराउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो। त्यस्तै, स्थानीय मोख्तार राइनले "स्वास्थ्य सेवा गाँउमै पाउँदा निकै राहत महसुस भएको छ" भन्दै आयोजकप्रति आभार प्रकट गर्नुभयो।स्वास्थ्य सचेतना अभिवृद्धि र प्राथमिक उपचार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको यो शिविरले स्थानीय समुदायमा सकारात्मक सन्देश दिएको सहभागीहरूको प्रतिक्रिया रहेको छ।

शिविरको औपचारिक कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसाल, नगर उप-प्रमुख मंजु देवी साह, नेपाली सेनाको श्री गोरखनाथ गण प्रकौलीका सेनानी बिनोद बिकास पाठक, प्रहरी उपरीक्षक हेरम्ब शर्मा, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका उप-अनुसन्धान निर्देशक चन्दन झा, वडा नं. ९ का अध्यक्ष मदन चौधरी, पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश दास, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मंडल, महिला स्वास्थ्य स्वयंसेविकाहरू, नेपाली सेनाका टोली, पत्रकार, समाजसेवी तथा स्थानीय जनप्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

डेंगीबाट बचौं र बचाऔं ।

**लक्षण :**
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउँको दुख्नु,
- शरीरमा राताबिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:**
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समय-समयमा सफा गरौं ।

**"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"**

नेपाल सरकार
विज्ञापन बोर्ड




# -: मन्दिर :-

*पुजारी ! भजन, पूजन, साधन, प्रार्थना यमि*
*सबैलाई एकातिर राखिदेऊ ।*
*ढोका बन्द गरेर मन्दिरको कुनामा किन*
*बसिरहेछौ ?*
*आफ्नो मनको अन्धकारलाई लुकाएर बसिर*
*हेछौ, तिमी कस्तो*
*पूजामा एकचित छौ ?*
*आँखा खोलेर एकपल्ट हेर, तिम्रो मन्दिरमा*
*देवता छैन !*

*जुन रुखा जमीनलाई नरम पारेर कृषकहरुले*
*खेतीपाती गरिरहेछन्,*
*जुन ठाउँमा रोजगरीहरुले पत्थर फोरेर*
*बाटा बनाइरहेछन्,*
*तिम्रो देवता त्यहीं गएको छ !*

*उ घाम-पानीमा सधैं एकै रहन्छ,*
*उसका दुव हात माटोले पूर्ण छन्,*
*उसको नगीचमा जानुछ भने सुन्दर वस्त्र*
*त्यागेर माटोले भरिएका*
*बाटाबाट जाऊ !*
*तिम्रो देवता मन्दिरमा छैन, भजन, पूजन,*
*साधन एकातिर*
*राखिदेऊ !*

*-रविन्द्र ठाकुर*

# कमला-पथलैया खण्डको छ महिनामा १० प्रतिशत काम मात्र

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २ श्रावण**

गत पुस १७ गतेदेखि काम सुरु गरिएको पूर्वपश्चिम राजमार्ग विस्तार अन्तर्गत कमला-पथलैया खण्डको छ महिनामा १० प्रतिशत काम भएको छ। सन् २०२७ सम्ममा चार लेनको सडक निर्माण गर्ने उद्देश्यसहित छ महिनामा १० प्रतिशत काम पूरा भएको कमला-ढल्केबर-पथलैया सडक योजना पूर्वीखण्डले जनाएको छ। आयोजनाका प्रमुख छविलाल पौडेलले सुरुमा साइट क्लियर गर्नै मुस्किल परेकाले काममा ढिलाइ भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "वन क्षेत्रमा रुख छोडेर काम गरिएको छ। कमला नदीदेखि पथलैयासम्म १३० किलोमिटरमध्ये अहिलेसम्म धनुषा, महोत्तरी र सर्लाहीमा मात्रै काम भइरहेको छ।" रौतहट र बाराखण्डमा राजमार्ग विस्तारका लागि ठेक्का लाग्न सकेको छैन। धमाधम विस्तार भइरहेको राजमार्गको कमलादेखि



पथलैयासम्म १३० किलोमिटर सडकको दायाँबायाँका रुख व्यवस्थापनका लागि बल्ल स्वीकृति आएको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो "रुख कटान गरेपछि कामले गति लिने छ।" वन तथा भूसंरक्षण विभागले असार २३ गते स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजना बमोजिम ३१ हजार ५२९ वटा रुख हटाउन महोत्तरीको गौरीडाँडास्थित कमला-ढल्केबर-पथलैया सडक आयोजनामा पत्राचार गरेको छ। आयोजनाले रुख कटानकै लागि लामो समयदेखि प्रयास गर्दै आएको थियो। २०८१ सालमै वातावरणीय अध्ययन प्रतिवेदन (इआइए) स्वीकृति भए पनि कटान आदेश बल्ल आएको हो। सर्लाहीका डिभिजन वन प्रमुख सन्तोषकुमार झाले वन तथा भू-संरक्षण विभागले स्वीकृति दिए पनि कटानअघि रुखमा टाँचा हान्नेलगायतका प्रक्रिया बाँकी रहेकाले थप केही समय लाग्ने छ। पूर्वपश्चिम राजमार्ग अन्तर्गत पूर्वी खण्डको विश्व बैङ्को १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा विस्तारको काम चलिरहेको हो।

एसियाली मापदण्ड अनुसार सहरी तथा बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर फराकिलो पार्ने र त्यसबाहेकका ठाउँमा मेडियनसहित १८ मिटर चौडाइको चार लेनमा स्तरोन्नतिको कामका लागि ठेक्का सम्झौता भएको हो।

# फुलगेन मगहीलाई भारतमा सम्मान



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २ श्रावण**

नेपालका चर्चित मगही भाषिक अभियन्ता तथा सांस्कृतिक अभियानी फुलगेन मगहीलाई भारतमा सम्मान गरिने भएको छ।

उनलाई भारतको बिहार राज्यमा आयोजना हुने एक प्रतिष्ठित कार्यक्रममा अन्तर्राष्ट्रिय सम्मान प्रदान गरिने भएको हो। बिहारको गया जिल्लास्थित मगही अकादमी (गया) र मगध विश्वविद्यालय, बोधगयाको संयुक्त आयोजनामा हुने "मगही महोत्सव तथा डॉ. राम प्रसाद सिंह अन्तर्राष्ट्रीय साहित्य पुरस्कार समारोह-२०२५" मा फुलगेन मगहीलाई मगही भाषामा विशेष योगदानका लागि सम्मानित गरिने कार्यक्रम तय गरिएको हो।

समारोह १९ जुलाई २०२५ मा मगध विश्वविद्यालय, बोधगया परिसरको राधाकृष्णन सभागारमा आयोजना हुने बताइएको छ। कार्यक्रममा भारतका विभिन्न विश्वविद्यालयका कुलपति, प्राध्यापक, लेखक तथा साहित्यकारहरूको सहभागिता रहनेछ।





**अनुरोधकर्ता**
**भंगहा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: आम्दानी हुने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: खानपानमा समस्या आउने
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पाकिस्तान समर्थित टीआरएफलाई अमेरिकाले पनि घोषणा गर्‍यो आतंकवादी संगठन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ श्रावण**

भारत सरकारले घोषणा गरेको अढाई वर्षपछि अमेरिकाले पनि पाकिस्तान समर्थित द रेजिस्टेन्स फ्रन्ट (टीआरएफ) लाई विदेशी आतंकवादी संगठन (एफटीओ) र विशेष रूपमा नामित विश्वव्यापी आतंकवादी (एसडीजीटी) को सूचीमा राखेको छ।



भारत सरकारले जनवरी ५, २०२३ मा टीआरएफलाई आतंकवादी संगठन घोषणा गरेको थियो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले शुक्रबार एक विज्ञप्ति जारी गर्दै यो जानकारी दिए । मार्को रुबियोले विज्ञप्तिमा लेखे, 'लश्कर-ए-तैयबाको मुखौटा र प्रोक्सी टीआरएफले अप्रिल २२, २०२५ मा भारतको पहलगाममा भएको आक्रमणको जिम्मेवारी लिएको थियो, जसमा २६ नागरिक मारिएका थिए। यो २००८ मा मुम्बई आक्रमण पछि भारतमा नागरिकहरूमाथि लश्करको सबैभन्दा घातक आक्रमण थियो ।' 'टीआरएफले २०२४ को आक्रमणसहित भारतीय सुरक्षा बलहरूमाथि भएका धेरै आक्रमणहरूको जिम्मेवारी पनि लिएको छ। अमेरिकी सरकारको यो निर्णय पहलगाम आक्रमणको लागि न्यायको लागि राष्ट्रपति ट्रम्पको आह्वान हो। यो कार्यले हाम्रो राष्ट्रिय सुरक्षा हित र आतंकवाद विरुद्धको लडाईको रक्षा गर्ने ट्रम्प प्रशासनको प्रतिबद्धतालाई झल्काउँछ।'

# टिकटकमा भाइरल बनेको 'प्रिटी लिटिल बेबी' की गायिकाको निधन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ श्रावण**

अमेरिकी पप संगीतकी चर्चित गायिका कोनी फ्रान्सिसको ८७ वर्षको उमेरमा निधन भएको छ। सन् १९६० को दशकमा लोकप्रिय बनेकी फ्रान्सिस 'प्रिटी लिटिल बेबी' गीतका लागि हाल पुन: चर्चामा थिइन् । उनको निधनको पुष्टि उनका कपीराइट म्यानेजर तथा मित्र रोन रोबर्ट्सले गरेका हुन्।



कोनी फ्रान्सिसको आधिकारिक फेसबुक पेजमा पोस्ट गर्दै रोबर्ट्सले लेखे, 'म भारी मनले र अत्यन्त दुखका साथ मेरो प्रिय मित्र कोनी फ्रान्सिसको निधन भएको जानकारी गराउँदैछु। मलाई थाहा छ, कोनी चाहन्थिन् कि उनका प्रशंसकहरूलाई यो खबर सबैभन्दा पहिला थाहा होस्। थप विवरण पछि सार्वजनिक गरिनेछ।' यद्यपि, उनको मृत्युको कारण खुलाइएको छैन। हालै उनी अस्पतालमा भर्ना भएकी थिइन् र गम्भीर दुखाइका कारण स्वास्थ्य परीक्षण गराइरहेकी थिइन्। केही समयदेखि हिपसम्बन्धी उपचारको क्रममा रहेकी थिइन्। कोनी फ्रान्सिस अमेरिकी पप संगीत इतिहासमा पहिलो महिला एकल गायिका हुन् जसले बिलबोर्ड हट १०० चार्टको शीर्ष स्थान प्राप्त गरेकी थिइन्। सन् १९५० को अन्त्यतिर 'हुज सरी नाउ ?' गीतबाट उनले लोकप्रियता कमाएकी थिइन्। त्यसपछि 'माई हार्ट ह्याज अ माइन्ड अफ इट्स ओन' 'डन्ट ब्रेक द हार्ट द्याट लभ्स यू' जस्ता थुप्रै हिट गीतहरू सार्वजनिक गर्दै उनी पप आइकनको रूपमा स्थापित भइन्। झण्डै छ दशक लामो संगीतिक यात्रापछि कोनी फ्रान्सिस हाल पुन: चर्चामा आएकी थिइन्। सन् १९६१ मा सार्वजनिक भएको उनको गीत 'प्रिटी लिटिल बेबी' पछिल्लो समय इन्स्टाग्राम र टिकटकमा व्यापक रूपमा प्रयोग भएपछि भाइरल भएको थियो। बिलबोर्डका अनुसार, उक्त गीत मे महिनासम्ममा स्पोटीफाइमा २४ लाखभन्दा बढी पटक सुनिएको थियो।

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमय दर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ श्रावण**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३७ रुपैयाँ ४३ पैसा र बिक्रीदर १३८ रुपैयाँ ०३ पैसा निर्धारण गरिएको छ।




युरोपियन युरो एकको खरिददर १५९ रुपैयाँ १२ पैसा र बिक्रीदर १५९ रुपैयाँ ८१ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८४ रुपैयाँ ०५ पैसा र बिक्रीदर १८४ रुपैयाँ ८६, स्वीस फ्रयाङ्क एकको खरिददर १७० रुपैयाँ ७५ पैसा र बिक्रीदर १७१ रुपैयाँ ५० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८८ रुपैयाँ ७४ पैसा र बिक्रीदर ८९ रुपैयाँ १३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ८१ पैसा र बिक्रीदर १०० रुपैयाँ २४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०६ रुपैयाँ ७९ पैसा र बिक्रीदर १०७ रुपैयाँ २५ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २४ पैसा र बिक्रीदर नौ रुपैयाँ २८ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १४ पैसा र बिक्रीदर १९ रुपैयाँ २२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ६४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८० पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ७० पैसा र बिक्रीदर ३७ रुपैयाँ ८७ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ २२ पैसा र बिक्रीदर चार रुपैयाँ २४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ४२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ ३६ पैसा र बिक्रीदर ३२ रुपैयाँ ५० पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ८७ पैसा र बिक्रीदर नौ रुपैयाँ ९१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ०६ पैसा र बिक्रीदर १४ रुपैयाँ १२ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ३२ पैसा र बिक्रीदर २१ रुपैयाँ ४१ पैसा तोकिएको छ। राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ५१ पैसा र बिक्रीदर १७ रुपैयाँ ५९ पैसा, कुवेती दिनार एकको खरिददर ४४९ रुपैयाँ ५१ पैसा र बिक्रीदर ४५१ रुपैयाँ ४८ पैसा, बहराइन दिनार एकको खरिददर ३६४ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३६६ रुपैयाँ १० पैसा, ओमनी रियाल एकको खरिददर ३५६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३५८ रुपैयाँ ५१ पैसा रहेको छ।

# इडब्लुभीएल अक्सनमा ए क्याटेगोरीबाट ६ खेलाडी अनुबन्ध

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २ श्रावण**

दोस्रो संस्करणको एभरेष्ट महिला भलिबल लिग (इडब्लुभीएल) को अक्सन अन्तर्गत ए क्याटेगोरीको बोलकबोल सम्पन्न भएको छ।



ए क्याटेगोरीमा रहेका ७ खेलाडीबाट ६ खेलाडी अनुबन्ध भए। चार खेलाडी लक्की ड्रमार्फत चयन भए भने एक जना सिंगल बिडमै अनुबन्ध भइन्। बाँकी दुई अनसोल्ड खेलाडीमध्ये एकलाई अन्तिममा टोलीले सिधै रोज्यो। कमला विष्टका लागि लुम्बिनी लाभाज, ललितपुर क्विन्स र कर्णाली यशविसबाट बोली लाग्दा लक्की ड्रमा लुम्बिनीले उनलाई अनुबन्ध गर्‍यो। उनी १ लाख ३२ हजार ५०० मा अनुबन्ध भइन्। पुनम चन्दलाई पनि तीन टोलीले बोली लगाए। पोखरा निन्जाज, कर्णाली यशविस र ललितपुर क्विन्सबीच प्रतिस्पर्धा हुँदा लक्की ड्रमा पोखराले उनलाई १ लाख ३२ हजार ५०० मा अनुबन्ध गर्‍यो। संगम महतोका लागि ललितपुर क्विन्स र मधेश युनाइटेडबीच प्रतिस्पर्धा भयो। अन्तत: लक्की ड्रमा ललितपुरले उनलाई १ लाख ३२ हजार ५०० मा अनुबन्ध गर्‍यो। सफिया पुन पनि लक्की ड्रमै चयन भइन्। कर्णाली यशविस र मधेश युनाइटेडबीचको प्रतिस्पर्धामा लक्की ड्रपछि कर्णालीले उनलाई १ लाख ३२ हजार ५०० मा अनुबन्ध गर्‍यो। कविता भट्ट सिंगल बिडमै अनुबन्ध भएकी खेलाडी हुन्। उनलाई काठमाडौं स्पाइकर्सले १ लाख ३० हजारमा अनुबन्ध गर्‍यो।

पहिलो राउन्डमा अनसोल्ड भएकी शान्तिकला तामाङ र आरती सुवेदीमध्ये आरतीलाई मधेश युनाइटेडले अन्तिममा रोज्यो। उनलाई बेस प्राइस १ लाख १५ हजारमै अनुबन्ध गरियो।



अनुरोधकर्ता
गौशाला नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
बर्दिवास नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# स्वर्णयुगको भ्रान्ति र दिग्भ्रमित समाज



-गत केही वर्षदेखिका राजनीतिक परिदृश्य, परिघटना र प्रवृत्तिको सूक्ष्म अध्ययन गर्दा नेपाल 'गोल्डेन एज फ्यालसी' (सुनौलो युगको भ्रम) को भ्रामक चरणबाट गुज्रिरहेको देखिन्छ। यस्तो फ्यालसीअनुसार समकालीन बहसमा राजतन्त्रकाललाई 'स्वर्णयुग' का रूपमा चित्रित गर्दै अधिनायकवादी राजाहरूलाई देवत्वकरण गर्ने विडम्बनापूर्ण प्रवृत्ति बढ्दै गएको छ। यसैगरी समाजमा विद्यमान असन्तुष्टि, आक्रोश र वितृष्णालाई गोयबल्स शैलीमा अतिरञ्जित प्रचार गरी लोकतान्त्रिक गणतन्त्रकै असफलताका रूपमा चित्रण गर्ने प्रवृत्ति हाबी हुँदै गएको छ। यस्तो भ्रामक भाष्य र प्रायोजित प्रोपगान्डाको कोलाहलले थप अन्योलता र निराशा सिर्जना भएको छ। के नेपाली समाज इतिहासको बन्दी र भ्रामक भाष्यको सिकार भएकै हो ? नेपाली जनताको यो अल्पस्मृति हो कि अल्पदृष्टि ? यस्तो फ्यालसीका अन्तर्निहित कारण के हुन् ? भन्ने अनन्त प्रश्नहरू उठेका छन्।

त्यसैले तथ्य र तथ्यांकका आधारमा यस्ता जटिल प्रश्नहरूको निरुपण गरी ठोस निष्कर्षमा पुग्नु अपरिहार्य छ। के हो 'गोल्डेन एज फ्यालसी' ? यो यस्तो भ्रामक अवधारणा वा विश्वास हो, जसमा इतिहासको कुनै कालखण्डलाई सुनौलो युगको रूपमा चित्रण गरिन्छ र वर्तमानलाई निन्दा वा भर्त्सना गरिन्छ। तथ्य, तथ्यांक, तर्क र वास्तविकताका आधारमा होइन, आग्रह-पूर्वाग्रह, मिथ्यांक, भावनात्मक र रूमानीकृत धारणा, प्रोपोगान्डा, मिसइन्फर्मेसन (मिथ्या सूचना) तथा डिसइन्फर्मेसन (भ्रामक सूचना) का आधारमा यस्तो अवधारणा विकसित गरिन्छ। विगतलाई सकारात्मक र वर्तमानलाई नकारात्मक विम्बका रूपमा चित्रित गरिन्छ, जुन भ्रामक हो। विगतको सकारात्मक चर्चा मात्रै गरिन्छ भने वर्तमानको नकारात्मक चित्रण। स्वतन्त्र प्रेस र सूचना प्रविधिसँगै विकास भएको सामाजिक सञ्जाल र डिजिटल प्ल्याटफर्मको लोकप्रियताको कारणले यस्तो विषाक्त अवधारणा समाजमा डढेलो जस्तै फैलिएको छ। विशेषगरी फेसबुक, टिकटक, एक्स, युट्युब, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल र डिजिटल प्ल्याटफर्ममा मिसइन्फर्मेसन, डिसइन्फर्मेसन, षड्यन्त्रको सिद्धान्त र प्रोपोगान्डाका आधारमा यस्तो भ्रामक अवधारणा फैलिएको देखिन्छ। यस्तो अवधारणामा इतिहासप्रति अतिरिक्त आसक्ति हुन्छ, वर्तमानप्रति व्यापक असन्तुष्टि हुन्छ र भविष्यप्रति अकारण निराशा वा भय हुन्छ। विगतप्रति तथ्यपरक, वस्तुगत, सम्यक र विवेकसम्मत धारणा होइन, अतिरञ्जित, अप्रमाणित र मनोगत भाष्य हाबी हुन्छ। भ्रमको व्यापार, निराशाको खेती, चर्को र गैरजिम्मेवार अभिव्यक्ति, प्रोपोगान्डा, चमत्कारको भ्रम नै राजनीतिक 'मानक' का रूपमा स्थापित हुँदै गएको जस्तो देखिन्छ। जादुगर, अवतारी र चमत्कारी बाबाजस्ता प्रतीत हुने पार्टी, प्रवृत्ति र पात्रको भावोत्तेजक अभिव्यक्तिमा जनता भ्रमित तथा सम्मोहित हुँदै गएको जस्तो देखिन्छ। जब समाज भ्रमित हुन्छ र जनता निराश हुन्छन्, तब भ्रम पनि सत्यजस्तो लाग्छ र सत्य पनि भ्रमजस्तो लाग्छ। यस्तो मनोविज्ञानलाई समाज विज्ञानको भाषामा संज्ञानात्मक पूर्वाग्रह (कग्निटिभ बायसनेस) भनिन्छ।

**भ्रामक भाष्य** राजा महेन्द्रले अमेरिकाको राजकीय भ्रमणको क्रममा संसद्लाई गरेको सम्बोधन, बेलायत भ्रमणमा महारानीले गरेको स्वागत तथा राजा वीरेन्द्रको विदेश भ्रमणका संक्षिप्त भिडियो दृश्यप्रति नेपाली जनता सम्मोहित तथा रोमाञ्चित भएको देखिन्छ। राजाकै कारणले अन्तर्राष्ट्रिय छवि उच्च भएको, भूराजनीतिक सन्तुलन कायम गर्न सफल भएको तथा अन्तर्राष्ट्रिय समुदायले पनि राजालाई उच्च सम्मान दिएको जस्ता अतिरञ्जित भाष्य र दाबी सामाजिक सञ्जाल र डिजिटल प्ल्याटफर्ममा 'भाइरल' हुँदै गएको देखिन्छ। 'गोल्डेन एज फ्यालसी' को भ्रामक भाष्यबाट जनता कसरी दिग्भ्रमित हुँदा रहेछन् र राष्ट्रिय राजनीति नै कसरी दुर्भाग्यपूर्ण दिशातर्फ उन्मुख हुँदो रहेछ भन्ने जीवन्त उदाहरण सन् २०२२ को फिलिपिन्सको निर्वाचन हो। सन् १९६५ मा फिलिपिन्सको राष्ट्रपति भएका कुख्यात तानाशाह फर्डिन्यान्ड मार्कोस सन् १९८६ को जनआन्दोलनबाट सत्ताच्युत भएपछि अमेरिकामा शरण लिएका थिए। सन् १९८९ मा मार्कोसको मृत्यु भएपछि १९९१ मा उनको परिवारले फिलिपिन्स फर्कन अनुमति पाएको थियो।

सन् २०१५ पछि उनका पुत्र बोङ्बोङ् मार्कोसले फेसबुक, टिकटक, एक्स, युट्युब, इन्स्टाग्रामजस्ता सामाजिक सञ्जाल र डिजिटल प्ल्याटफर्ममार्फत पिता मार्कोसलाई 'शक्तिशाली नेता' र उनको शासनलाई 'स्वर्णकाल' को संज्ञा दिँदै आक्रामक प्रोपोगान्डा अभियान सुरु गरे। मार्कोसको तानाशाही शासन नभोगेका युवा पुस्ता यस्तो मिथ्या र भ्रामक सूचना, प्रोपोगान्डा र प्रायोजित भाष्यबाट भ्रमित र प्रभावित हुँदै गए। त्यसैले राष्ट्रवाद र मार्कोसको 'स्वर्णकाल फर्काउने' प्रमुख नाराका आधारमा सन् २०२२ मा बोङ्बोङ् मार्कोस राष्ट्रपति निर्वाचित हुन सफल भएका थिए।


सामाजिक सञ्जाल र डिजिटल प्ल्याटफर्म मार्फत अन्तर्राष्ट्रिय रूपमै कुख्यात तानाशाहलाई 'शक्तिशाली नेता' तथा कुशासन र इतिहासकै सबैभन्दा भ्रष्ट शासनलाई 'स्वर्णकाल' को रूपमा कसरी चित्रित गरियो र जनता पनि दिग्भ्रमित भए ? यो जस्तो ठूलो दुर्भाग्य र विडम्बना अरू के हुन सक्छ ? विगत केही समयदेखि विकसित भएका अस्वाभाविक राजनीतिक घटनाक्रम र प्रायोजित भाष्यका आधारमा विश्लेषण गर्दा नेपाली राजनीति पनि त्यस्तै दुर्भाग्यपूर्ण बिन्दुतर्फ उन्मुख भएको त होइन ? भन्ने गम्भीर प्रश्न खडा भएको छ।

**के राजतन्त्रकाल 'स्वर्णकाल' थियो ?** राष्ट्रियता, राष्ट्रवाद, राष्ट्रिय स्वार्थ, राष्ट्रिय स्वाधीनता नेपाली राजनीतिका सर्वाधिक चर्चित शब्दावली हुन्।

साभार : कान्तिपुर।









अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
पिपरा गाउँपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday